Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ३६, २०७९ साल चैत्र २८ गते मंगलबार (April 11, 2023) www.janaakash.com.np

## हार्दिक मंगलमय शुभकामना

देशमा विद्यमान महंगी, अभाव, तनाव, र कुसंस्कारहरुको अन्त्य होस् । काम गर्नेले अवसर पाउन् । किसानले समयमा मल पाउन् । युवाहरुले विदेशमा जाने सपना मात्र नदेखुन नेपालमा नै बसेर इलम, सीप, सिकेर धेरैलाई रोजगार बनाउने गरुन् । देशमा नै बसेर काम गर्ने इलम गर्ने, ब्यवसाय सञ्चालन गर्ने सफा सोच भएका मानिसहरुलाई सम्बन्धित निकायले सहयोग गरुन् प्रजातन्त्र स्थापनापछि नै बन्द भएका उद्योग, कलकारखानाहरु सञ्चालनमा ल्याउन् ।

यही २०८० सालको पावन अवसरमा नेपालप्रति माया गर्ने सबै नेपालीहरुको बुद्धिमा वृद्धिहोस् यहि छ । हाम्रो शुभकामना ।

मोहन कार्की

अध्यक्ष

जनआकाश मिडिया प्रा.लि. परिवार

# नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठमा कस्ले मार्ला बाजी

*मोहन कार्की*


काठमाडौ । नेपाल उद्योग वाणिज्य महासंघको ५७ औ साधरणसभा तथा अधिवेशन यहि २९ गते काठमाडौमा हुदैछ । त्यही दिनबाट शेखर गोल्छाको अध्यक्ष कार्यकाल पनि सकिदैछ । उनले आफ्को कार्यकाल भरी सहयोग गर्नुभएको भनेर विभिन्न मिडियाहरुलाई धन्यवाद पत्र पठाएर डिनर समेत गराईसकेका छन् । उक्त साधरणसभा पछि स्वत अध्यक्षमा चन्द्रप्रसाद ढकाल हुनेछन् । भने अर्को कार्यकालमा स्वत अध्यक्ष हुनको लागि तीनजना अध्यक्षका प्रतिस्पर्धीहरुले वरिष्ठ उपाध्यक्षमा उम्मेद्वारी दिएका छन् । क्रमश: उमेललाल श्रेष्ठ, रामचन्द्र संघई, अन्जन श्रेष्ठ प्यानलै बनाएर मैदानमा उत्रिएका छन् । वरिष्ठ उपाध्यक्ष नै भावी अध्यक्ष स्वत हुन पाउने अवसरलाई तिनैजना वरिष्ठ उपाध्यक्ष चुकाउन चाहदैननन् । तर एकजना मात्र रहको वरिष्ठ पदमा तीनमध्य एकले जित्ने र दुईले हार्ने नै हुन् । त्यसमा कस्ले बाजी मार्छ त्यो अधिवेशन पछि मत परिणामले निर्धारण गर्छ ।

त्यसैगरी छुट्टाछुट्टै तीन प्यानल बनाएर उम्मेद्धारी दिएका विभिन्न पदहरुको नामवली यस प्रकार रहेको छ ।

पद वरिष्ठ उपाध्यक्षका उम्मेद्वारहरु रामचन्द्र संघई, अन्जन श्रेष्ठ, उमेश


उमेललाल श्रेष्ठ


रामचन्द्र संघई


अन्जन श्रेष्ठ

लाल श्रेष्ठ पद उपाध्यक्ष एक पदको लागि तीन उम्मेद्धार रहेका छन् ।

निर्वाचन क्षेत्र उपाध्यक्षमा उद्योग वाणिज्य समूह तर्पका उम्मेद्वारहरु सुरकृष्ण वैद्य,अरुणराज सुमार्गी,दिनेश श्रेष्ठ, निर्वाचन हुने पद संख्या १ (एक) रहेको छ ।

उपाध्यक्ष बस्तुगत समुहतर्फका उम्मेद्वारहरु

सुकुन्तलाल हिराचन,हेमराज ढकाल, मनिषलाल श्रेष्ठ निर्वाचित हुने संख्या एक (१)

उपाध्यक्ष: एशोसिएट्स सुमुहतर्फका उम्मेद्वारहरु

भरतराज आचार्य, ज्योष्न श्रेष्ठ

कार्यसमिति सदस्य कोशी प्रदेशवाट उम्मेद्वाहरु

नरेन्द्र कुमार खड्का,टंक प्रसाद दुलाल, तारानाथ घिमिरे निर्वाचित हुने संख्या १ (एक)

मधेश प्रदेशवाट उम्मेद्धारहरु:अरुण कुमार प्रधान, विजय कुमार शाह निर्वाचित संख्या १ (एक)

बागमती प्रदेश कार्यसमिति सदस्यका उम्मेद्धारहरु

कृष्ण पसाद अवाल, सविन श्रेष्ठ निर्वाचित हुने संख्या १

गण्डकी प्रदेशवाट कार्यसमिति सदस्यका उम्मेद्धारहरु

जीवन ज्योति श्रेष्ठ, युवाराज भण्डारी

लुम्बिनी प्रदेशवाट जम्शेर मियाको मात्र नाम परेको हुनाले र्निविरोध भईसकेका छन् ।

कर्णालीवाट कार्यसमिति सदस्यका उम्मेद्धार:

धन बहादुर राउत क्षेत्री, लालीमाया बुढा निर्वाचित संख्या १ (एक)

सुदुरपश्चिम प्रदेशवाट कार्यसमिति सदस्यका उम्मेद्धारहरु

राम बहादुर भण्डारी,जंग बहादुर मल्ल

संस्थापक सदस्य समुहतर्फ

भिष्म प्रसाद न्यौपाने, टिकाराज ढकाल निर्वाचित हुने संख्या १(एक)

कार्यसमिति सदस्य वस्तुगत समुह तर्फका उम्मेद्धारहरु

शिव प्रसाद घिमिरे, रितेस लामिछाने, शोभा ज्ञवली, नरेशलाल श्रेष्ठ, भक्त बहादुर हमाल, नवराज कुवर, महेन्द्र बहादुर चित्रकार, अशोक शर्मा, राज कुमार कार्की (राजु), मनोज अधिकारी, दिनेश कुमार चुके, धुब्र बहादुर गौतम, ईन्द्र खनाल, रविन पुरी, अरनिको राजभण्डारी,खुम बहादुर सुवेदी, खोजराज कटुवाल, देवेन्द्र खड्का, लिलेन्द्र प्रसाद प्रधान, रामेश्वर शाह, मीनमान श्रेष्ठ,कमला श्रेष्ठ, नानीराज घिमिरे, किरण कुमार डंगोल, डा.सुवोध कुमार गुप्ता, हरि बहादुर कार्की, अच्युत गरागाई, पशुपति देव पाण्डे, निर्वाचित हुने पद संख्या १४ रहेको छ । १४ जनाको लागि २८ जनाको उम्मेद्धारी परेको छ ।

कार्यसमिति सदस्य उद्योग बाणिज्य संघ तर्फका उम्मेद्धारहरु

तारा बहादुर कार्की, पुष्पराज कुवर, केशव प्रसाद भण्डारी, उमेश डालमिया, अब्दुल वाहिर मन्सुरी, मोहन प्रसाद श्रेष्ठ, वेद बहादुर श्रेष्ठ, लक्ष्मणराज पौडेल, कल्पना गैरे, रामेश्वर मानन्धर, अनिल कृष्ण श्रेष्ठ, बाँकी ६ पृष्ठमा

## संघको विधान संकुचित छ: यसलाई बदल्नुपर्छ: घिमिरे

काठमाडौ । नेपाल उद्योग बाणिज्य महासंघको वस्तुगत तर्फका केन्द्रीय सदस्यको उम्मेद्धारी दिएका शिव प्रसाद घिमिरेले नेपाल उद्योग वाणिज्य महासंघको विधान पुरानै र संकुचित रहेको छ । यो संस्था ५७ बर्ष अगाडी खोल्दा जे विधानमा लेखिएको छ । त्यो नै आजसम्म रहेको हुनाले व्यवसायी र राज्यसँग व्यासायीको तालमेल हुन नसकेको अवस्था छ । देशमा धेरै खालका परिवर्तन भए तर संघको विधानमा केही संशोधन वाहेक अरु परिवर्तन भएका छैनन् । त्यसकारण म महासंघमा जान चाहेको पनि विधान लाई परिवर्तन गर्न पहिलो रुपमा हेरेको छु । उनले थपे व्यावसायीका अहिले समस्या जटिल बन्दै गएका छन् । यसलाई सवै साथीहरुले मिलेर सरकारलाई भन्नुपर्छ सरकारलाई कन्भिस गर्नुपर्‍यो यात हामीलाई सरकारले बेटर हुने कुराहरु दिनुपर्‍यो यति गर्दा पनि सरकारले सावधान खोज्दैन भने हामीले बन्द हडताल गर्न सक्दैनौ हामी नरम छौं । हामीले गर्ने भनेको बत्ती, पानी, फोहोर, लगायत तिर्नुपर्ने ठाउमा सरकारलाई सकेनौ भनेर ताला साचो बुझाउने काम गर्नुपर्ने अवस्था आउन लागेको छ । एता पनि व्यवसायी साथीहरुको ध्यान पुग्नुपर्छ । भन्दै धारणा राखेका थिए ।


शिव प्रसाद घिमिरे
केन्द्रीय सदस्यको उम्मेदवार, नेपाल उद्योग वाणिज्य महासंघ.

उनले अर्को एक प्रसंगमा हिजोको महासंघ र आजको महासंघ आकाश जमिनको फरक छ । यसलाई तिव्र गतिमा लान आजको आवश्यकता अनुसार हामीले लैजानुपर्छ । त्यो स्प्रिडलाई समातेर लानसक्ने नेतृत्व महासंघमा आवश्यक छ । त्यसमा व्यवसायी साथीहरुले व्यवसायको स्प्रिडलाई नेतृत्व दिनसक्ने नेतृत्व छान्नुहुने छ भन्ने मलाई विश्वास लागेको छ भनि बाँकी ६ पृष्ठमा

## महासंघको गरिमालाई उच्च बनाउन मेरो उम्मेद्धारी हो: लिलेन्द्र प्रधान

काठमाडौ । नेपाल उद्योग वाणिज्य महासंघको २८ र २९ चैतका लागि



लिलेन्द्रप्रसाद प्रधान
केन्द्रीय सदस्यको उम्मेदवार, नेपाल उद्योग वाणिज्य महासंघ.

निर्धारण गरिएको महाधिवेशनमा पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधानले आफु केन्द्रीय सदस्यमा निर्वाचित भएपछि महासंघको गरिमालाई उच्च बनाउने बताएका छन् । उनले उम्मेदवारी घोषणा गर्दै महासंघको गरिमालाई थप उचाइ प्रदान गर्न सक्दो योगदान गर्ने उम्मेद्धारी घोषणा पछि उक्त बिषयमा जोड दिदै अएका छन् । उनको दावी छ । 'हामी उद्योगी व्यवसायीको छाता संस्थालाई थप सुदृढ बनाउन पेट्रोलियम क्षेत्रबाट के कस्तो योगदान गर्न सकिन्छ, म त्यसका लागि तयार भएर केन्द्रीय सदस्यका लागि उम्मेदवारी दिएको हु,' उनको भनाई हो ।

प्रधान वस्तुगत समूहबाट केन्द्रीय सदस्यका उम्मेदवार हुन् । यो समूहबाट एक उपाध्यक्ष र १४ केन्द्रीय सदस्यमा निर्वाचित हुने प्रावधान छ । महासंघमा एक सय २३ वस्तुगत संघ आवद्ध छन् ।

यी वस्तुगत संघका अध्यक्षहरूले मात्र मतदान गर्न पाउने व्यवस्था छ । वरिष्ठ उपाध्यक्षमा उम्मेदवारी दिन लागेका उमेशलाल श्रेष्ठ समूहबाट प्रधानले केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका हुन् ।

## व्यवसायीको समस्या भनेको राष्ट्रको समस्या होः सुवेदी

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)को निर्वाचनमा वस्तुगर्त तर्फको केन्द्रीय सदस्य पदको उम्मेदवारी दिएका पर्वतीय पर्यटन व्यवसायीहरूको छाता संगठन, ट्रेकिङ एजेन्सीज एसोशिएसन अफ नेपाल (टान)का निवर्तमान अध्यक्ष समेत रहेका खुम बहादुर सुवेदीले व्यक्तिलाई समस्या पर्नु भनेको राष्ट्रलाई समस्या पर्नु हो भन्ने भनाई राख्ने गरेका छन् ।



खुम बहादुर सुवेदी
केन्द्रीय सदस्यको उम्मेदवार, नेपाल उद्योग वाणिज्य महासंघ.

उनले आसन्न हुन लागेको नेपाल उद्योग बाणिज्य महासंघको ५७ औ साधरणसभा बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# नेपाल उद्योग वाणिज्य तथा अपुर्ति क्षेत्र संकीर्णबाटमाथि अठोस

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल सरकारपछिको सबैभन्दा धेरै संयन्त्र भएको उद्योग वाणिज्य महासंघले दावी गर्दै कार्यक्रमहरुमा आफ्नो धारण राख्दै आईहरेको छ । यही महासंघको २८-२९ गते ५७ औं महाधिवेशन पनि हुदैछ । तर यतिधेरै संस्था र संयन्त्र रहेको संघले गरेको प्रगति भने नेपालको उत्पादनमा खासै उपलब्धि गरेको देखिँदैन । २०२२ सालमा महेन्द्रक्लीन अवस्थामा नै स्थापना भएको उद्योग वाणिज्य महासंघ गणतन्त्र स्थापना भईसक्दा समेत नेपालका युवाहरुलाई रोजगारमा समेटन सकेको छैन ।

उद्योगको नाममा सरकारले दिने सहुलियतपुर्ण ऋण लिने र तिनै सहुलियपुर्ण लिएका बैंकको ऋणहरुको रकम सस्तो लिएर अर्को बैंकमा वा अन्य बढी ब्याजमा लगाउने हुदा हुदा तिनै उद्योगी बैंक खोलेर पैशा कमाउन लागेका धरानाहरुको खेल प्रष्ट देखिने गरेको छ । ठुला उद्योगी भनिएकाहरुको नेपालमा भएकमा केही बैंक छोडेर सबैको लगानी भएको देखिन्छ ।

नेपालमा उद्योग महासंघमा संस्था धेरै देखिए पनि यस्तै चुनावहरुमा भोट बढी बनाउनको लागि संस्था वढाउन मात्र काम गरेका हुनकी भन्ने बुझ्न सकिन्छ । किनकी उद्योग वाणिज्य संघको महत्वपुर्ण ठाउमा पुगेर सरकारलाई केही मुठीभर ब्यापारीहरुले उद्योग वाणिज्य संघको नेतृत्वमा पुगेर देशलाई अहित गर्ने कार्य गरेको रहेछ भनेपनि जोगाउने अभियान वाहेक हालसम्म अन्य प्रगति उन्मुख कार्य गरेको देखिँदैन । गरेको भए लाखौं युवाहरु देश छोडेर विदेश किन जान्थे । वास्तविक उद्योगीले सरकारले दिने सुविधा सजिलै पाउथे भने धेरै रोजगार देशमा नै सृर्जना भईसकेको हुनेथियो । तर जसले धुस दिनसक्छ त्यस्ता उद्योगहरु सजिलै खुल्नसक्ने र सरकारले दिने सुविधा त्यस्तै उद्योगीलाई पहिला नै थाहा हुने र सेटिङमा सरकारी कर्मचारी सहभागी त्यस्तैमा हुने र वास्तविक देशका लागि काम गर्ने उत्पादन गर्ने उद्योगीले कहिल्यै अवसर नपाउने कुनै कर्मचरी असल भएर सत्यका पक्षमा उभियो भने पनि ति ठुला खेलमा लागेर तलमाथि गर्न जानेका ब्यापारीले मन्त्रीलाई नै प्रभावित पार्न समेत बाकी नराख्ने यस्ता मुठीभर उद्योगी भनिएका तर धेरै जति ट्रेडिङ ब्यापार गरेर भन्सारमा सेटिङ मिलाउन र तिनले नेपाल सरकारलाई नीति पढाउने उस्तै परे सरकार तलमाथि गर्नेसम्मको काम यिनै मुठीभर ठुला उद्योगी भनिएका ब्यापारिक घराना भनिएकाहरुले यो देशको उद्योग ब्यापारको क्षेत्रमा लादेको तानाशाहीको रुपमा तितो यथार्थ उभिएको छ । हो यस्तो कुसस्कारलाई तोडेर लाखौं लाख नेपालीलाई रोजगार दिन सक्ने नयाँ सोचका युवा उद्यमीलाई प्रोत्साहन गर्न सक्ने देशभक्त उद्योगी नेपाल उद्योग वाणिज्य महासंघमा नेतृत्व देशले खोजेको छ ।

जसले देशमा खरबौं रुपैया लगानी ल्याउन सकोस , त्यो सकेन भनेपनि नेपालमा रहेका स्रोतहरुको पहिचान गरी देशलाई आवश्यक पर्ने वेशिक दैनिक उपभोग गर्ने सुविधायुक्त सामान देखि सामान्य खालका सामान उत्पादन गर्ने योजना सरकारसँग पेश गर्न सक्ने सरकार उद्योगी मिलेर सबै नेपाली नागरिकलाई रोजगार दिनुको साथै देशको अर्थतन्त्रलाई माथि उठाउने, र मेडि ईन नेपाल ट्याग लगाएर विश्वमा सामग्री बेच्न सक्ने क्षमता भएको नेतृत्व देशले खोजेको छ । के यास्तो नेतृत्व उद्योग वाणिज्य महासंघको ५७ औं साधराणभावाट देशले प्राप्त गर्न सक्छ त ? प्रश्नहरु उठेका छन् । यो नेपाल उद्योग वाणिज्य माहासंघमा अवद्ध सदस्य उद्योगीहरुको मात्र प्रश्न होइन । यो प्रश्न, चिन्ता देशको अर्थतन्त्रसँग जोडिएको प्रश्न हो । किनकी सबै अर्थतन्त्र उद्योग, ब्यापार सँगसँगै नेपालीहरुको जनजीविकासँग सम्बन्ध छ । नेपालमा प्रत्येक बर्ष महगी बढ्दै गएको छ । उत्पादन घट्दै गएको छ । आयात बढ्दै गएको छ । निर्यात घटेको छ । केही उद्योगले निर्यात गरेको रेकर्ड देखिए पनि सरकारले दिइने भ्याट रिटनको सुविधा लिन खुल्ला सीमानाको दुरुपयोग केही उद्योगीले गरेका छन् । त्यो वास्तवमा खुल्ला सीमानाको उपयोग त धेरै भन्दा धेरै कुनैपनि वस्तु नेपालमा उत्पादन गरेर बेच्न सक्नुपर्थ्यो तर उतैवाट ल्याएर यतावाट बेचेको बनाएर सुविधा लिने चलनले मात्र देशको उद्योग, ब्यापार बढेको प्रगति भएको मानिदैन ।

यस्ता गहन विषयहरुमा निर्मम हुनसक्ने आटिलो उद्योग, वाणिज्य तथा अपुर्ति मन्त्री र यस्ता नीतिहरुलाई कार्यन्वयनमा लान भित्री मनदेखि लाग्न सक्ने उद्योग, वाणिज्य तथा अपुर्ति सचीव र देशको नीति र उद्योग वाणिज्य महासंघमा आवद्ध देशलाई माया गर्ने देशको अर्थतन्त्र मजबुद बनाउन सक्ने क्षमता भएको उद्योग वाणिज्य संघको अध्यक्ष भावी अध्यक्षहरुले नेतृत्व गरेर निरास बन्दै विदेश पलाएन भएका लाखौं युवाहरुलाई नेपाल फर्काउन सक्ने वातावरण बनाउन सकेमात्र वीर नेपालीको रगत र पसिनाले आर्ज्यको राष्ट्रको इतिहास र गौरव रहन सक्छ । नभए संघ, संस्थाका नाममा हुल जम्मा गरयो केही मुठीभरहरुको अगाडी पछाडी लाग्यो हो हल्ला गरयो एउटाले जित्यो अर्कोले हार्यो । तर देशको अवस्था जस्ताको तस्तै मात्र होइन परनिर्भर हुदै मागेर खाने देश जस्तो अवस्थामा देश पुगेर देशका युवाजति विदेश पलायन हुने र कुनैदिन नेपाली समुदाय नै अल्पमतमा परेर नेपाल देशको अस्तित्व नै नरहने अवस्था आउन सकने हुनाले देख्दा सामान्य लाग्ने तर डरलाग्दो अवस्थावाट गुज्रीएको उद्योग वाणिज्य क्षेत्रमा भइरहेका विकृतिहरु तत्काल सुधार गर्नुपर्ने देखिन्छ।

यतिवेला नवनियुक्त उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रीलाई बधाई दिन मानिसहरु लर्को लागिसका छन् । भने उद्योगका सेटिङवालाहरु निर्वाचनले अल्मेकेका छन् । निर्वाचन लगतै बधाई दिन सेटिङ मिलाउन मन्त्रालय धाउने र सधैं देशलाई निसासिने अवस्थामा राख्ने सोच बोकेर मन्त्रालय छिर्लान् । यस्ता सोच राख्नेहरुलाई त्रस गरेर देशको दिर्घकालीन उद्योग, ब्यापार, र स्वदेशी लगानीमा चलेका उद्योग र समग्र देशको पक्षमा भएका उद्योगीहरुलाई प्रोत्साहन र बिचौलिया सेटिङवालाहरुलाई वहिस्कार गरेर जान सक्नुपर्छ । विगतका संकृर्णहरुवाट माथि उठ्ने पर्छ । उठाउने पर्छ भन्ने सोच सम्बन्धित निकायमा नेतृत्व गरेकाहरुवाट आओस् । नयाँ वर्षको खुशीसँगै यस्ता निर्णयहरु कामहरु नेपाली जनताले देख्न पाउन ।

# भ्रष्टाचार नियन्त्रणमा दाताको योगदान

**श्यामप्रसाद मैनाली**

भ्रष्टाचार विश्वकै साझा समस्या हो। प्रायः धेरै देशका राजनीतिज्ञ, कर्मचारी, व्यापारी, उद्योगपतिलगायत सचेत नागरिकसमेत भ्रष्टाचारमा लिप्त भएको पाइन्छ। कतिपय स्थानमा यो पहिचान नै गर्न सकिएको छैन भने भ्रष्टाचारीलाई प्रोत्साहित गर्ने समेत गरेको पाइएको छ। यदि यसलाई निस्तेज गर्ने प्रकारका नीति, कानुन र संरचनाको निर्माण गर्दै प्रतिबद्ध नहुने हो भने समाजलाई अत्यन्त प्रदुषित बनाउँछ। विकसित र विकासोन्मुख देशबीच रहेको आर्थिक विसमताको निराकरणका लागि पनि भ्रष्टाचार निर्मूल हुनु जरुरी छ। निजी क्षेत्र, नागरिक समाज र सरकार सबैले यो महाअभियानमा खुलेर साथ दिनुपर्छ। यसो भएमा मात्र सुधारका एजेन्डाले गति लिन सक्दछन्। नातिजामूलक लक्ष्य प्राप्ति गर्न सहज हुन्छ। दिगो विकास कायम हुन सक्दछ। यसका लागि धेरै उपायको अवलम्बन हुन सक्दछ। यस आलेखलाई दाताको भूमिका भ्रष्टाचार नियन्त्रणका दिशामा के कस्तो रहेको हुन्छ ? सोबार संक्षेपमा उल्लेख गर्ने प्रयास गरिएको छ।

दातृनिकायले विशेषगरी विकासशील देशमा रहेको भ्रष्टाचार नियन्त्रण गर्न बाह्य दाता प्रभावकारी देखिएको प्रमाणित भएको छ। सार्वजनिक निकायले स्थापित गरेका मूल्य, मान्यता र कानुनी प्रावधानको महत्वपूर्ण प्रभाव सामाजिक विधि व्यवहारमा पर्दछ। यस्ता प्रकारका अभ्यासहरू र विधिहरू समयसापेक्ष सुधारका लागि सरकारले प्रतिबद्धता जाहेर गर्दै गर्दा यस्ता नीतिहरू र कानुनी प्रावधानसमेत दाताका सर्तलगायतबाट अत्यन्त प्रभावित बन्दछन्। दाताहरू निश्चित र प्रभावकारी नीति तथा कानुनी व्यवस्थाबाट भ्रष्टाचार नियन्त्रण भएको देख्न चाहन्छन्। भ्रष्टाचार व्याप्त भएको अवस्थामा उनीहरूले प्रदान गरेको सहयोग राशीको प्रभावकारिता र नतिजा प्राप्त हुने सन्दर्भमा सरकारको सहयोग र सुधारको अपेक्षा गर्दछन्। यदि भ्रष्टाचारबाट आक्रान्त अवस्थाले निरन्तरता प्राप्त गरिरहने अवस्था बन्दै गएमा उनीहरू बाँकी किस्ता रकम उपलब्ध नगराउने जस्ता दबाबमूलक समझदारीसमेत दुई पक्षबीच बनाउने गर्दछन्। सहायता राशी प्रवाह गर्दा दाता संस्थासमेतले चुनौतीको सामना गर्नुपर्ने हुन्छ। सरकारी संरचना, कार्य प्रक्रियामा सुधार ल्याएर मात्र उनीहरूको सहयोगबाट सञ्चालित हुने कार्यक्रम अघि बढ्न सक्दछन्। यस प्रक्रियामा धेरै प्रकारका जोखिम दाताहरूले सामना गर्नुपर्ने हुन्छ। सहायता प्रदान गर्ने क्रममा सरकारले लोकतान्त्रिक रूपान्तरणका लागि योजनाबद्ध हिसाबले काम गर्न सक्नुपर्छ।

लोकतान्त्रिक संस्थालगायत सार्वजनिक संयन्त्रको सुधारका दिशामा क्रियाशीलता दिन सक्नुपर्छ। भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी प्रकारले प्रस्तुत हुनुपर्छ। सरकारमा देखिएको समग्र गुणस्तरमा सुधार ल्याई निर्धारित समयमै कार्यक्रम सम्पन्न गरी सदुपयोग हुनेमा दाताहरू विश्वस्त हुँदा मात्र रकम प्रवाह हुन सक्दछ। निजामती सेवामा अर्थपूर्ण र समग्रमा सुधारका लागि सरकार तयार हुनुपर्छ। सबै प्रकारका गलत क्रियाकलापलाई नियन्त्रण गर्ने प्रतिबद्धता सरकारबाट आउनुपर्छ। सबल र व्यावहारिक एवं कार्यान्वयनयोग्य नीतिको तर्जुमा गरी कार्य प्रक्रिया निश्चित अवधिमा प्रारम्भ गरिने विश्वास दिलाउन सक्नुपर्छ। आवश्यक कानुनको निर्माण तीव्र गतिमा हुनु पर्दछ। विभिन्न प्रकारको वातावरणमा राजनीतिक अवस्थाको विश्लेषण दाताले गरिरहेका हुन्छन्। नेपालको सन्दर्भमा राजनीतिक अस्थिरताको समस्याले गर्दा दातृ संस्थाहरू उत्साहित हुन सकेका छैनन्। दीर्घकालीन रूपमा सरकारले आफ्नो क्षमता विकास गर्न सक्ने आधारको खोजी गर्दछन्।

दाताहरू निश्चित र प्रभावकारी नीति तथा कानुनी व्यवस्थाबाट भ्रष्टाचार नियन्त्रण भएको देख्न चाहन्छन्

सरकारले व्याप्त भ्रष्टाचार नियन्त्रण गर्न सक्ने आधार के के छन् ? के के हुन सक्दछन् ? त्यसैलाई मूल आधार मानी सहायता रकम प्रभावित हुन्छ। संस्था र व्यक्ति पदाधिकारीबीच सम्बन्ध विश्लेषणसमेत गरिने प्रचलन छ। किनकि, सहायता राशीबाट सञ्चालन हुने कार्यक्रमका लागि एकभन्दा बढी निकाय र सार्वजनिक पदाधिकारीबीच प्रभावकारी समन्वय र सौहार्द वातावरण कायम हुनुपर्छ। दाताका सर्तजस्तै नतिजामूलक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता, जवाफदेहिता र पारदर्शिताको अवस्था, नागरिक समाजको क्रियाशीलताका साथै गैरसरकारी संस्था र सञ्चार माध्यमको प्रभावकारिता स्थितिमा मात्र आफ्नो सहायता राशीको सदुपयोग हुनेमा उनीहरूको स्पष्ट धारणा रहन्छ। कुनै पनि प्रकारको कमजोर देशमा दाताको प्रभाव अत्यन्त ज्यादा हुन्छ। यस्ता देश वैदेशिक सहायतामा निर्भर रहन्छन्।

भ्रष्टाचार यस्तै देशमा संस्थागत बनिसकेको हुन्छ। उल्लेख भएका नीतिको कार्यान्वयनलाई दबाब सिर्जना गरेर दातृनिकाय त्यस देशको सामाजिक विकृतिलाई नियन्त्रण र सुधार गर्न केही हदसम्म सफल देखिएका छन्। सरकारलाई बजेट नपुग हुँदा पनि सहायता गर्ने प्रचलन छ। त्यस्तो रकम प्रायः सरकारले जुनसुकै सार्वजनिक भलाइका क्षेत्रमा खर्च गर्न सक्दछन्। तर, उक्त रकम नागरिकको हितमा खर्च भएको हो वा होइन दाताको गम्भीर चासो रहन्छ। सार्वजनिक निकायमा सुधार ल्याई रकमको सदुपयोग गर्न उत्पादक सर्तमा दुईपक्षीय समझदारी हुने गर्दछ। यसबाट समाजमा मौलिक सुधार आउन थाल्दछ। विदेशी सहायता रकमको भ्रष्टाचारलाई गम्भीर अपराधका रूपमा लिने गर्दछन्। भ्रष्टाचारलाई बहुपक्षीय दाताहरू विशेषगरी विश्व बैंकले ठूलो अवरोधका रूपमा लिइरहेका छन्।

सबै काम कारवाही निस्तेज गराउन भ्रष्टाचार नै मूल कारण बनेको निष्कर्ष विश्व बैंकको छ। क्यामरोनमा सरकारी कामको जिम्मेवारी नै दाता संस्थाले लिई सम्पादन गर्दै जाँदा त्यहाँको सरकार भ्रष्टाचार नियन्त्रण गर्न पूर्ण असफल भएको अवस्थामा पाएको थियो।

दातृसंस्था भ्रष्टाचार नियन्त्रणका लागि अचुक अस्त्र होइनन्, तर पनि उनीहरूको भूमिका विशेषगरी विकासोन्मुख देशमा अत्यन्त प्रभावकारी देखिँदै छ। यस्तो अवस्थामा दाता प्राथमिकता निर्धारण गर्न नै असमर्थ बन्ने अवस्था बन्दछ। समकक्षीसँग सन्तोषप्रद हिसाबले रकम प्रवाह गर्ने वातावरणसमेत महसुस गर्न सक्दैनन्। सरकारको त्यस प्रकारको सहायता राशीको सदुपयोग गर्न सक्ने वा नसक्ने अवस्था'दयगत स्पष्ट नहुँदा पनि रकम प्रदान गर्ने गर्दछन्। यसको उपयुक्त उदाहरण बोस्निया हो। यस देशमा अन्तर्राष्ट्रिय समुदायले सरकारलाई पूर्णरूपमा आफ्नो नीति र कार्यक्रम अनुसार चल्नुपर्ने स्थिति बनाएका थिए। वित्तीय नियम र बजेटका प्रक्रियासमेत दाताले नै आफ्नै प्रकारले निर्धारण गर्न थालेका थिए।

मोजाम्बिकमा अन्तर्राष्ट्रिय कम्पनीमार्फत भन्सार प्रशासनसमेत दाताले सञ्चालन र व्यवस्थापन गरेका थिए। बोस्नियामा भन्सार सुधार कार्यक्रम पनि दाताले नै सञ्चालन गरेका थिए। दाता राष्ट्रिय र गैरराष्ट्रिय दुवै प्रकारका क्षमताको सन्तुलन मिलाउन उपयुक्त तरिका अवलम्बन गराउन उद्दत रहे। यस्ता देशमा ठूलो संख्यामा दाता परिचालित हुने भएकाले दाताबीच नै समन्वयको समस्यासमेत देखिएको थियो। सहयोग प्राप्त गर्ने देशमा यही कारणले गर्दा अपेक्षित राशी प्राप्त गर्न नसक्ने अवस्था पनि आएको थियो। मोजाम्बिकमा सरकारी संरचनालाई सानो आकारमा ल्याउने र सरकारी कर्मचारीको तलब लगायतका सुविधा कटौती गर्नुपर्ने पक्षमा दाता रहेका थिए। स्थानीय ठाटाबाठा मार्फत परिचालित रकमको ठूलो दुरूपयोग हुने अवस्था विकासशील र गरीब देश सिर्जना भएको थियो। यदि, यसलाई उपयुक्त प्रकारले व्यवस्थापन गर्न नसकेको अवस्थामा रकम सहायता गर्न समेत दाता द्विविधामा पर्दै गएका थिए। यस्ता देशमा सहायता राशी वृद्धि हुँदै गर्दा त्यही अनुपातमा भ्रष्टाचारसमेत बढ्दै गएको देखिन्छ। दातृसंस्था, सरकार र राजनीतिज्ञबीच भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता कायम गर्न इमानदारिता पूर्वक प्रतिबद्धता हुनु जरुरी छ। नेपालमा विकासका साझेदार सरकारमार्फत भन्दा गैरसरकारी संस्था मार्फत सहायता रकम प्रवाह गरी त्यस देशको विकासको खाका बनाउँदछन्। यस्ता संस्थाहरूमार्फत प्रवाह भएको राशीको प्रस्ट जानकारी सरकारसँग हुँदैन। जनताको यथार्थ आवश्यकतालाई पहिचान नगरी आयोजना, परियोजना तयार हुन्छन्, रकम खर्च हुन्छ। गैरसरकारी संस्थालाई परिचालन गर्न दाता उत्साहित हुँदै गएका छन्। सरकारभन्दा गैरसरकारी क्षेत्रबाट रकम प्रवाह हुँदा सदुपयोग हुने निष्कर्षमा दाता पुगिरहेका छन्। नीति निर्मातालाई विदेश भ्रमणको अवसर प्रदान गरेर, सरकारलाई बजेटमा सहयोग पुग्ने (बजेटरी) रकम प्रदान गरेर आफ्ना एजेन्डामा समझदारी बनाउने रणनीति तैनाथ गर्दछन्। दाताका लागि मतैक्यता गरेर तयार पारिएको पेरिस घोषणापत्र विपरीत जानसमेत दाता अभ्यस्त छन्।

ठूलो धनराशी प्राविधिक सहायतामा छुट्याइ अन्तर्राष्ट्रिय विज्ञका लागि खर्च गर्ने गरिन्छ। दाताले समझदारीमा आउन बाध्य बनाएका सर्त पनि सरकारी नीति र मान्यतासँग विवादित हुने गरेका छन्। बाहिरबाट ल्याइएका सामान तथा वस्तु'दयगत सबै प्रक्रिया र यथार्थता पारदर्शी बनाउन दातासमेत तयार नभएको अवस्था छ।

यस प्रकारका विकृति नेपालमा दाताले नै आमन्त्रण गरे तापनि यिनीहरूको योगदान स्वागतयोग्य समेत पाइएका छन्। उनीहरूले निर्धारण गरेका मूल्य र मान्यता आर्थिक अनुशासन कायम गर्न सहायक सिद्ध भएका छन्। दाताको सहयोगसमेत कारण शाही शासनलाई समाप्त पारी लोकतन्त्रमा आधारित राजनीतिक प्रणाली कायम गर्न देश सफल भएको हो। अनुदान र ऋण रकमबाट देश विकासमा ठूलो सहयोग पुगेको छ। साधारण खर्चसमेत दातृनिकायको सहयोगमा निर्भर रहनुपर्ने अवस्था छ। नेपालका लागि बाह्य सहयोग अत्यावश्यक छ। हाम्रो सन्दर्भमा समस्या के के हुन् ? पहिचान गर्न पनि दाता नै अग्रसर हुनुपर्ने अवस्था छ। यस प्रक्रियामा आम्दानी र खर्चको अनुमानका आधारमा कार्यक्रम र योजनामा प्राथमिकता के के ले पाउने हो ? दाताले नै मार्ग निर्देशन गरिरहेको अवस्था छ।

दाताले नीतिगत र राजनीतिक भ्रष्टाचार नियन्त्रण गर्न विशेष योगदान नेपालमा दिनुपर्ने स्थिति छ। भ्रष्टाचार नियन्त्रका लागि बाह्य समुदायको दबाव नेपालमा अनिवार्य भइसकेको छ। सार्वजनिक क्षेत्रको समग्र सुधारका एजेन्डाका लागि पनि अन्तर्राष्ट्रिय समुदायकै सहयोग र दबाव आवश्यक छ। सबै प्रकारका दाताबाट नेपालमा भित्रिने रकमको समन्वय सरकारबाट हुनुपर्ने व्यवस्था पनि दाताहरूकै योगदानबाट मात्र सम्भव छ। सरकारी योजना र कार्यक्रमसँग गैरसरकारी संस्थाका कार्यक्रम नदोहोरिने गरी अघि बढाउन सरकार र दाताबीच समझदारी हुनुपर्छ। आफ्नो देशभित्र प्रवाह हुने रकम'दयगत जानकारी पाउने अधिकार सरकारसँग रहेको हुन्छ। तर, सरकारी हस्तक्षेप र अत्यन्त ज्यादा अनुगमन र नियन्त्रण भने गरिनुहुन्न। निर्धारित सम्झौताभन्दा बाहिर दाताका कार्यक्रम सम्पादित भइरहेका छन्।

यसलाई सरकारले सन्तुलनमा ल्याउने र नियन्त्रण गर्नुपर्छ। निष्कर्षमा भन्नुपर्दा दातृसंस्था, सरकार र राजनीतिज्ञबीच भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता कायम गर्न इमानदारिता पूर्वक प्रतिबद्धता हुनु जरुरी छ। नागरिक समाज, निजी क्षेत्र र सर्वसाधारण नागरिक सबै यस कार्यमा उत्साहित भएको अवस्था बनाउनुपर्छ। जवाफदेहिता र पारदर्शिताको प्राथमिकता यथासक्य प्रत्येक प्रकारले निर्वाह गरिनुपर्छ। यसो भएमा मात्र भ्रष्टाचार नियन्त्रण हुने वातावरण बन्दछ।

भ्रष्टाचार यस्तै देशमा संस्थागत बनिसकेको हुन्छ। उल्लेख भएका नीतिको कार्यान्वयनलाई दबाब सिर्जना गरेर दातृनिकाय त्यस देशको सामाजिक विकृतिलाई नियन्त्रण र सुधार गर्न केही हदसम्म सफल देखिएका छन्। सरकारलाई बजेट नपुग हुँदा पनि सहायता गर्ने प्रचलन छ। त्यस्तो रकम प्रायः सरकारले जुनसुकै सार्वजनिक भलाइका क्षेत्रमा खर्च गर्न सक्दछन्। तर, उक्त रकम नागरिकको हितमा खर्च भएको हो वा होइन दाताको गम्भीर चासो रहन्छ। सार्वजनिक निकायमा सुधार ल्याई रकमको सदुपयोग गर्न उत्पादक सर्तमा दुईपक्षीय समझदारी हुने गर्दछ। यसबाट समाजमा मौलिक सुधार आउन थाल्दछ। विदेशी सहायता रकमको भ्रष्टाचारलाई गम्भीर अपराधका रूपमा लिने गर्दछन्।

भ्रष्टाचारलाई बहुपक्षीय दाताहरू विशेषगरी विश्व बैंकले ठूलो अवरोधका रूपमा लिइरहेका छन्। सबै काम कारवाही निस्तेज गराउन भ्रष्टाचार नै मूल कारण बनेको निष्कर्ष विश्व बैंकको छ। क्यामरोनमा सरकारी कामको जिम्मेवारी नै दाता संस्थाले लिई सम्पादन गर्दै जाँदा त्यहाँको सरकार भ्रष्टाचार नियन्त्रण गर्न पूर्ण असफल भएको अवस्थामा पाएको थियो। दातृसंस्था भ्रष्टाचार नियन्त्रणका लागि अचुक अस्त्र होइनन्, तर पनि उनीहरूको भूमिका विशेषगरी विकासोन्मुख देशमा अत्यन्त प्रभावकारी देखिँदै छ। यस्तो अवस्थामा दाता प्राथमिकता निर्धारण गर्न नै असमर्थ बन्ने अवस्था बन्दछ। समकक्षीसँग सन्तोषप्रद हिसाबले रकम प्रवाह गर्ने वातावरणसमेत महसुस गर्न सक्दैनन्। सरकारको त्यस प्रकारको सहायता राशीको सदुपयोग गर्न सक्ने वा नसक्ने अवस्था'दयगत स्पष्ट नहुँदा पनि रकम प्रदान गर्ने गर्दछन्।

# राज्यसमक्ष व्यवसायीका आवाज पुऱ्याउन मेरो उम्मेद्धारीः कार्की

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघको आसन्न निर्वाचनका लागि उद्यमी राजकुमार कार्की 'राजु'ले उम्मेदवारी दिएका छन् । उनले बस्तुगततर्फबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका हुन् । साना, मझौला लगायत सम्पूर्ण व्यवसाय तथा क्षेत्रमा अहिले आर्थिक मन्दिको असर देखिएको र यस्तो परिस्थिति समाधानका लागि राज्यसमक्ष व्यवसायीका आवाज पुर्याउने लक्ष्यसहित महासंघमा उम्मेदवारी दिएको बस्तुगत समूहका केन्द्रीय सदस्य कार्कीले बताएका छन् ।

आर्थिक समृद्धिका लागि कृषि, पर्यटन, सेवा क्षेत्र, आयुवेर्दिक तथा जडिबुटी क्षेत्र, स्टक मार्केट, वैदेशिक रोगगार (मेन पावरका) क्षेत्र लगायतमा देखिएका नीतिगत तथा कानुनी अप्ठ्यारालाई निराकरण गरी नेपाललाई आर्थिक रुपमा समृद्ध बनाउने यात्रामा व्यावसायिकता र उद्यमशीलतालाई मजबुत बनाउनका लागि उम्मेदवारी दिएको कार्कीले बताएका छन् ।



राजकुमार कार्की 'राजु'
केन्द्रीय सदस्यको उम्मेदवार, नेपाल उद्योग वाणिज्य महासंघ

उनले भने, "'मेरो मुख्य लक्ष्य भनेको सहयोग र सहभागिता हो । राज्यलाई पनि सहयोग गर्ने र राज्यसँग सहभागी हुने । वस्तुगत संघका साथीहरुको समस्या तथा मुद्धा समाधान गर्न लाग्ने लक्ष्य छ ।"

इलाममा जन्मिएका र व्यावसायिक यात्रा पनि इलामबाटै सुरु गरेका कार्की निर्यात व्यवसायमा सक्रिय छन् । 'विदेशी मुद्रा नेपाल भित्र्याउने अभियानमा छु,' उनी भन्छन्, 'मुलुकको समृद्धिका लागि निर्यातलाई प्रवर्द्धन गर्नुको विकल्प छैन ।'

कार्की निर्यात व्यवसायी संघको संस्थापक केन्द्रीय सदस्य, नेपाल अदुवा उत्पादक संघको संस्थापक उपाध्यक्ष, नेपाल अलैची व्यवसायी महासंघको निवर्तमान अध्यक्ष तथा नेपाल कुचो संघको अध्यक्ष भएर काम गरिरहेका छन् । व्यावसायिक तथा सामाजिक क्षेत्रमा हासिल गरेको अनुभवबाट निजी क्षेत्रको छाता संस्थामा पुगेर सक्रियताका साथ काम गर्ने उनले प्रतिबद्धता व्यक्त गरेका छन् ।

# रामेछाप डायरी

## हिमगंगाका २ जनाले गाउँमै पाए नागरीकता

रामेछापको रामेछाप नगरपालिका-४ हिमगंगाकी ७२ बर्षिया बृद्धा भक्तमाया सुनुवारले बल्ल नागरिकता पाउनुभएको छ । शनिवार अपाङ्गता भएका एकजना र ७२ बर्षिया बृद्धालाई प्रमुख जिल्ला अधिकारीले घरमै पुगेर पुगेर नागरिकता प्रदान गर्नुभएको हो । रामेछापका प्रमुख जिल्ला अधिकारी अनिता निरौलाको नेतृत्वमा गएको टोलीले फरक क्षमता भएका २५ वर्षीय नरबहादुर माझी र ७२ वर्षीय वृद्धा भक्तमाया सुनुवारलाई नागरिकता प्रदान गरेको हो । ७२ वर्षकी सुनुवारको यस अघि पनि नागरिकता बनाउन प्रयास गरिएपनि अन्य मानिससँग नजिक नपर्ने साथै मोबाइल र क्यामेरा देख्ने बित्तिकै भाग्ने भएकाले फोटो खिच्न नसक्दा नागरिकता बनाउन नसकिएको स्थानीय वडा सदस्य रोजकुमार श्रेष्ठले बताउनुभयो । नागरिकता नबन्दा उनीहरु सामाजिक सुरक्षा भत्ता लगायतका सरकारी सेवा सुविधाबाट बञ्चित भएका थिए । प्रमुख जिल्ला अधिकारी सहित जिल्ला प्रशासन कार्यालयको टोली घरमै आएर नागरिकता दिएपछि आफुलाई असाध्यै खुसी लागेको भक्त मायाकी आफन्त मैया सुनुवारले बताउनुभयो । यातायातको सहज पहुँच नहुँदा फरक क्षमता भएका व्यक्ति तथा बृद्धालाई जिल्ला प्रशासन कार्यालयसम्म ल्याउन सम्भव नभएकाले शनिबारको दिन पारी घरमै पुगेर नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी अनिता निरौलाले बताउनुभयो ।

# साना र मझौलाको पक्षमा काम गर्नेछुः नानीराज घिमिरे

"हामी साना, मझौला उद्यमीहरुले भोग्दै आउनु परेका समस्यालाई सम्बन्धित निकायहरुले बेवास्था गर्दै आएका छन् । उक्त समस्यालाई साना र मझौला व्यावसायीहरु संगठानिक भएर सरोकारवाला निकायमा पुऱ्याउनको लागि मेरो पहिलो पहल हुनेछ । त्यसैगरी देशमा यतिवेला सामान्य खर्च समेत धान्न नसक्ने अवस्थमा आईपुगेको छ । यस्ता समस्यालाई नीतिगत रुपमा राम्रा पक्षहरुलाइ अगाडी बढाउन पहल गर्ने र सुधार गर्नुपर्ने नीति नियमहरुलाई समय अनुसार सुधार गर्न पहल गरी व्यवसायीका हित गर्नुको साथै राष्ट्रिय हितमा समेत टेवा पुग्नेगरी काम गर्नु नै मेरो प्रमुख दाईत्व हुनेछ ।

७० प्रतिशत नेपालको अर्थतन्त्रमा योगदान दिने निजी क्षेत्र त्यसभित्रको पनि ७० प्रतिशत हिस्सा ओगटेको (एसएमइएस) लाई आज राज्यले हेर्ने नगर र (एफएनसिसिआई) वाट खेल्नुपर्ने भुमिका आजको अवस्थामा प्रभावकारी नदेखिएको ५७ औं सधारणसभा पछि नयाँ नेतृत्वको टिमले व्यवसायीहरुको समस्यालाई सावधान गर्न प्रभावकारी योजना बनाएर साना तथा मझौला व्यवसायीको समस्यालाई सम्बन्धित सरोकारवाला निकायमा लगेर उद्योगी व्यवसायीको समस्या सवाधान गर्न सक्छु भन्ने आत्म विश्वासकासाथ मैले उम्मेद्धारी दिएको छु ।

म आफै फुटवेयर व्यवसायी हुँ । फुटवेयर क्षेत्रमा रहेका समस्या सावधानको लागि म भन्दा अगाडी महासंघमा नेतृत्व गर्न जानुभएका नेतृत्वहरुले राम्रा कामहरु पनि गर्नुभएको छ । हामीले महसुस पनि गरेका छौं । केही केही समस्या सावधान पनि भएका छन् । कुनै पनि संघ, सस्था, उद्योगमा समस्याहरु पुर्ण सावधान कहिल्यै हुदैन । समय परिस्थिति अनुसार समस्याहरुले नयाँ रुप लिदै जाने हुन्छ । त्यसै शिल शिलामा विगतका नेतृत्वले शुरु गरेका कामहरुको पुर्णता एवम् नया नयाँ रुपमा आएका समस्यको सावधानको लागि हाम्रा विगतका नेतृत्वहरुले संगालेका अनुभवलाई लिएर आफ्नो विवेक प्रयोग गरी काम गर्ने लक्ष्य बनाएको छु ।



नानीराज घिमिरे
केन्द्रीय सदस्यको उम्मेदवार, नेपाल उद्योग वाणिज्य महासंघ.

नेपालमा सञ्चालित उद्योगहरुले उत्पादन गरेका बस्तुलाई सीमा नाकाहरुवाट अवैद्य रुपमा आउने सामानहरु वाट उद्योग टिक्न नसक्ने अवस्थामा पुऱ्याएको छ । त्यसले एकातिर उद्योगीहरुलाई समस्यामा पारेको छ । अर्कोतर्फ राष्ट्रको राजश्व गुमेको छ । यस्ता दुवै तर्फको समस्यालाई सावधान गर्न सम्बन्धित निकायसँग समन्वय गरी अप्ठ्यारोमा पर्दै गएका व्यवासायी जोगाउने र राष्ट्रको बिग्रदै गएको अर्थतन्त्रलाई उकास्न नीतिगत सिस्टमा ल्याउन पहल गर्ने योजनासहित दिएर ५७ औ साधरणसभा तथा निर्वाचनमा फुटवेयर एशोसिएसन अफ नेपालले मलाई नेतृत्व गर्न पठाएको छ । भने म निर्वाचित भएपछि फुटवेयर क्षेत्रको मात्र होइन बस्तुगत १२३ क्षेत्रका सवै व्यवसायीहरुको समस्या एक आपासमा छलफल गरेर अगाडी बढ्ने म प्रतिबद्धता गर्दछु ।

आसन्न हुन गइरहेको निर्वाचनमा तपाई-हाम्रो साझा संस्थाको रुपमा रहेको नेपाल उद्योग बाणिज्य महासंघमा बन्ने हरेक नीतिले व्यवसायी र राज्यलाई अर्थतन्त्रको बलियो संस्था बनाउनुपर्छ । त्यसकारण म लगायत राम्रा उम्मेद्धार छान्न यहाहरु समक्ष अनुरोध पनि छ ।" नानीराज घिमिरेले निर्वाचनका लागि गरेको सार्वजनिक प्रतिबद्धता हो ।


## हार्दिक मंगलमय शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मुकुन्द राज अधिकारी
(सि.डि.ई.) डिभिजन प्रमुख
सडक डिभिजन, ललितपुर



## हार्दिक मंगलमय शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नारायण प्रसाद निहुरे
(सि.डि.ई.) डिभिजन प्रमुख
सडक डिभिजन, काठमाडौं



## लिखु तामाकोशी गाउँपालिका

धोवी, रामेछाप, बागमती प्रदेश

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

केशव महत
अध्यक्ष

दिपा पाखिन
उपाध्यक्ष

विनोद कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



## हार्दिक शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



बुद्धि बहादुर कार्की
प्रो.
रामेछाप पाचपोखरी निर्माण सेवा तथा बागमती प्रदेश कमिटी सदस्य तथा रामेछाप प्रदेश क सह इन्चार्ज

## एन.आई.सी एशिया बैंकका ग्राहकहरुले डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुट

काठमाडौ । 'डिजिटल फर्ष्ट बैंक' बन्ने दीर्घकालिन लक्ष्यसहित डिजिटल बैंकिङ्गको प्रवर्द्धन गरिरहेको यस एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरूलाई काठमाडौंस्थित पशुपति प्लाजामा अवस्थित केसर स्वीट्स एण्ड फुड्समा विभिन्न मिठाईका परिकारहरु खरिद गर्दा १० प्रतिशत छुट उपलब्ध गराउने समझदारी भएको छ । सो सम्बन्धी समझदारीपत्रमा यस




बैंकको तर्फबाट लाइफ स्टाइल बैंकिङ्ग युनिभर्स प्रमुख श्याम प्रसाद लामिछाने र केसर स्वीट्स एण्ड फुड्सको तर्फबाट सह-संस्थापक प्रिया तयालले हस्ताक्षर गर्नुभयो । पछिल्लोपटक डिजिटल कारोबारमा ग्राहक महानुभावहरूको बाक्लो उपस्थितीलाई मध्यनजर गर्दै सम्पन्न उक्त समझदारी अनुसार यस बैंकमा खाता सञ्चालन गर्नुभई मोबाइल बैंकिङ्ग, डेबिट कार्ड, क्रेडिट कार्ड वा प्लाटिनम कार्ड प्रयोग गरिरहनुभएका ग्राहक महानुभावहरू एवं बैंकका कर्मचारीहरूले केसर स्वीट्स एण्ड फुड्समा विभिन्न मिठाईका परिकारहरु खरिद गरी डिजिटल माध्यमबाट भुक्तानी गर्दा उक्त छुट प्राप्त हुनेछ । एन आई सी एशिया बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ्ग सञ्जालहरू भएको बैंकहरू मध्येको बैंक हो । यस बैंकले मुलुकभर ३५९ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०८ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ । देशको कुल जनसंख्या मध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन यस बैंक सफल भएको छ । देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुर्‍याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै स्थापना कालदेखि हालसम्मा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू. १९ अर्ब ९२ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रू.३ अर्ब ४१ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाई समग्र वाणिज्य बैंकहरूमध्ये सबैभन्दा बढी कर दाखिला गर्ने बैंकको रुपमा स्थापित हुन बैंक सफल भएको छ ।

## जानकी आँखा अस्पताललाई उपकरण किन्न एनएमबी बैंकले दियो डेढ लाख

एनएमबी बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत जनकपुरधामको श्री जानकी आँखा अस्पताललाई १ लाख ५१ हजार रुपैयाँको चेक हस्तान्तरण गरेको छ । उक्त सहयोग त्यस अस्पतालमा आवश्यक उपकरणहरु खरिद गर्नको लागि हस्तान्तरण गरिएको हो । सो कार्यक्रममा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुनिल के.सी., नायब प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरे, प्रदेश प्रमुख कमल पोखरेल, एरिया म्यानेजर मिथिलेश कुमार झा समेतको उपस्थिति रहेका थियो । साथै आँखा अस्पतालको तर्फबाट सभापति नरेश प्रसाद सिंह, मेडिकल डाइरेक्टर आशिष बोहरा, कोषाध्यक्ष धिरेन्द्र मोहन झालगायत अन्य पदाधिकारीहरु समेतको उपस्थिति थियो ।




एनएमबी बैंक विगत २६ वर्षदेखि अनवरत रुपमा बैंकिङ्ग सेवा सुविधा प्रदान गर्दै आइरहेको, नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था हो । बैंक दि फिनान्सियल टाईम्स, लण्डनको 'द ब्यान्कर' पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंकको उपाधी "'बैंक अफदिइयर एसिया २०२१" उपाधिबाट सम्मानित भएको बैंक हो । एनएमबी बैंकले २०१७, २०१८, २०२० र २०२१ का लागि पनि उक्त पत्रिकाद्वारा चार पटक नेपालकै उत्कृष्ट बैंकको उपाधि 'बैंक अफदिइयर नेपाल' प्राप्त गरिसकेको छ । एनएमबी बैंकले हाल देशभर २०१ शाखाहरु, १३८ एटीएमहरु र १२ एक्सटेन्सन काउन्टरहरुमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

## सिद्धार्थ बैंकद्वारा विजेता पुरस्कृत

सिद्धार्थ बैंकले ग्लोबल मनी वीकको अवसरमा आयोजना गरेको टिकटक प्रतियोगिताका विजेतालाई पुरस्कृत गरेको छ । बैंकले ग्लोबल मनी वीक सप्ताह अन्तर्गत प्लान योर मनी, प्लान योर फ्यूचर भन्ने थीमलाई सार्थक बनाउन आयोजना गरेको टिकटक प्रतियोगितामा बैंकमा बचत गर्नुका फाइदा शीर्षकमा बनाइएको भिडियो अत्यधिक मन पराइएको थियो । सो क्रममा सर्वाधिक मन पराइएका तीन वटा भिडियोलाई क्रमशः ३०, २० र १० हजार रुपैयाँ पुरस्कार पनि वितरण गरिएको छ । प्रतियोगिताका विजेतालाई सिद्धार्थ बैंकको कार्यालयमा एक समारोहको आयोजना गरी पुरस्कृत गरिएको बताइएको छ । विजेतालाई बैंकका प्रमुख डिजिटल मार्केटिङ अनन्त श्रेष्ठले पुरस्कार हस्तान्तरण गरेका हुन् ।

## नेपाल टेलिकम प्रयोगकर्ताहरुले हिमालयन बैंकको एप निशुल्क चलाउन पाउने

नेपाल टेलिकमका सिम प्रयोगकर्ताहरुले हिमालयन बैंकको मोबाइल बैंकिङ एप निःशुल्क चलाउन पाउने भएका छन् । नेपाल टेलिकम र हिमालयन बैंकको सहकार्यमा हिमालयन बैंकका ग्राहकले सो बैंकको एपनिःशुल्क चलाउन सक्ने व्यवस्था गरिएको हो ।

यस सम्बन्धी गत चैत २० गते भएको सम्झौता पत्रमा नेपाल टेलिकमको




तर्फबाट प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडी र हिमालयन बैंकको तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत उज्वल राजभण्डारीले हस्ताक्षर गरी कार्य आरम्भ भएको हो । सो अवसरमा नेपाल टेलिकमका प्रमुख व्यावसायिक अधिकृत पहाडीले बैंकका मोबाइल एप प्रयोग कर्ताहरुको सहजताका लागि नेपाल टेलिकमले सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइरहेको र धेरै ग्राहक लाभान्वित भइरहेको बताउँदै हिमालयन बैंकका ग्राहक पनि लाभान्वित हुने विश्वास व्यक्त गरेका थिए । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत भण्डारीले बैंकका ग्राहकहरुलाई सुविधाहरु दिने कार्यमा नेपाल टेलिकमसँगको सहकार्यले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा व्यक्त गरेका थिए ।

## लक्ष्मी केयर्सको अरेन्ज भाइब्स २०२३ मा उत्साहजनक सहभागिता

लक्ष्मी बैंकका कर्मचारीहरुद्वारा स्थापित गैर नाफमूलक संस्था लक्ष्मी केयर्सले अरेन्ज भाइब्स नामक सांगितिक कार्यक्रम आयोजना गरेको छ ।

गोकर्ण फरेस्ट रिसोर्टमा आयोजित उक्त कार्यक्रममा दिपक बज्राचार्य र रिद्म ब्याण्डको सांगितिक प्रस्तुतिका साथसाथै नेपालका विभिन्न स्थान तथा




संस्कृतिको प्रतिनिधित्व गर्ने मौलिक परिकार प्रस्तुत गरिएको थियो । कार्यक्रमको विशेष अतिथिस्वरुप प्रख्यात सेफ सन्तोष साहको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा विभिन्न पेशा तथा व्यवसायमा संलग्न करिब लक्ष्मी केयर्सका १,२०० भन्दा बढी हितैषिको उपस्थिति रहेको थियो । कार्यक्रमबाट संकलित रकम लक्ष्मी केयर्सको वातावरण संरक्षण तथा नविकरणीय उर्जा प्रवर्द्धन लगायतका विविध सामाजिक कार्यमा उपयोग हुनेछ । यसअघि लक्ष्मी केयर्सले बागमती पुल, पाटन दरबार स्क्वायर, भद्रकाली-सिंहदरबार सडक, बाराको गढिमाइ मन्दिर र बनेपाको चण्डेश्वरी मन्दिर परिसरमा सौर्य बत्ती जडान गर्नुका साथै देशभर विभिन्न स्थानमा वृक्षरोपण गरेको छ ।

## प्रभु क्यापिटलले सेन्ट जेभियर्स कलेजका विद्यार्थी सेयर बजार ज्ञान प्रदान गर्ने

प्रभु क्यापिटल लिमिटेडले सेन्ट जेभियर्स कलेजका विद्यार्थी सेयर बजारसम्बन्धी ज्ञान प्रदान गर्ने भएको छ। चैत २२ गते एक कार्यक्रमबीच प्रभु क्यापिटल र सेन्ट जेभियर्स कलेजबीच यस्तो समझदारी बनेको हो।



समझदारीपत्रमा प्रभु क्यापिटलका प्रमुख कार्यकारी अधिकृत आशीष गौचन र सेन्ट जेभियर्स कलेजका प्राध्यापक फादर डा. अगस्टिन थोमस एसजेले हस्ताक्षर गरेका छन् ।

कार्यक्रममा प्रभु क्यापिटलका तर्फबाट प्रमुख लगानी अधिकृत दुर्गानन्द झा र श्रीया कुटु तथा सेन्ट जेभियर्स कलेजका तर्फबाट उपप्राध्यापक सलुजा चन्द तथा व्यवस्थापन विभाग प्रमुख महप्रसाद श्रेष्ठको उपस्थिति थियो । समझदारी बमोजिम प्रभु क्यापिटलले सेन्ट जेभियर्स कलेजका व्यवस्थापन विभागको स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई लगानी, वित्तीय योजना र जोखिम व्यवस्थापनसहित पुँजीबजारको सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गर्नेछ। विद्यार्थीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो सहकार्य गर्ने सम्बन्धमा समझदारी बनेको क्यापिटलले जनाएको छ । सम्झौता अनुसार प्रभु क्यापिटलले कलेजका विद्यार्थी र कर्मचारीलाई आफनो सेवामा सहुलियत प्रदान गर्ने र विद्यार्थीको आवश्यकताबमोजिम पुँजीबजारसम्बन्धी सामान्य, आधारभूत तथा प्राविधिक विश्लेषण सम्बन्धी ज्ञान प्रदान गर्नेछ ।

# अर्थ संसार

## ग्लोबल हाईड्रोपावर , मेगा क्यापिटल र एसबिआई लिमिटेडबीच सम्झौता

काठमाडौ । ग्लोबल हाईड्रोपावर एसोशिएट्स लिमिटेडले निष्काशन गर्न लागेको रु.५८,६०,००,०००/- शेयर पूँजी बराबरको रु.१००/- दरको ५८,६०,००० कित्ता साधारण शेयरको प्रत्याभूति सेवा उपलब्ध गर्नको लागि ग्लोबल हाईड्रोपावर एसोशिएट्स लिमिटेड र मेगा क्यापिटल मार्केट्स लिमिटेड



तथा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेडबीच सम्झौता भएको छ ।

एक कार्यक्रमका बीच ग्लोबल हाईड्रोपावर एसोशिएट्स लिमिटेडका तर्फबाट अध्यक्ष मोतीलाल दुगड, मेगा क्यापिटल मार्केट्स लिमिटेडका तर्फबाट का.मु प्रमुख कार्यकारी अधिकृत शुलभ श्रेष्ठ र नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवराज अधिकारीले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो । उक्त कार्यक्रममा ग्लोबल हाईड्रोपावर एसोशिएट्स लिमिटेडका प्रमुख वित्त अधिकृत पुर्ण मान नापित, मेगा क्यापिटल मार्केट्स लिमिटेडका प्रमुख मार्केटिङ्ग विभाग गिरीराज पोखरेल र नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेडका अनिल कुमार महर्जन समेतको उपस्थिति रहेको थियो ।

## प्रभु लाइफको सक्सेस मन्त्र फर लिडरसिप कार्यक्रम सम्पन्न

काठमाडौ । प्रभु लाइफ इन्स्योरेन्स लिमिटेडले काठमाडौंमा 'सक्सेस मन्त्र फर लिडरसिप' कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ । शनिबार सम्पन्न कार्यक्रममा कम्पनीका बाग्मती प्रदेश अन्तर्गतका एजेन्सी लिडर्स एवं कर्मचारीहरुको उल्लेख्य मात्रामा सहभागीता रहेको थियो । सक्सेस मन्त्र फर लिडरसिपको उद्घाटन कम्पनीका नायब महाप्रबन्धक सोन आले मगरले गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै नायब महाप्रबन्धक सोन आले मगर यस किसिमका लिडरसिप सेसनले कम्पनीमा आवद्ध बीमा मध्यस्थकर्ता




एवं कर्मचारीहरुको कार्यक्षमता बृद्धि एवं व्यवसायीक सफलतामा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा प्रभु लाइफका जोनल हेड प्रयास श्रेष्ठ, एजेन्सी प्रमुख प्रभात शिवाकोटी, ब्राण्डिङ प्रमुख विनोद घिमिरे, सूचना प्रविधि प्रमुख राजु घिमिरे, लगायतको उपस्थिती रहेको थियो । अन्तराष्ट्रिय नेपाली ट्रेनर मिन बहादुर घलेको लिडरसिप सेसन कार्यक्रमको मुख्य आकर्षणको रुपमा रहेको थियो । ट्रेनर घलेले व्यवहारीक तरिकाले व्यवसायीक बृद्धिका सुत्रहरु दिनुभएको थियो । अभिकर्ताहरुको व्यवसायीक जीवनका आयामहरु र आगामी सहज एवं सफल यात्राका विषयहरु लिडरसिप सेसनमा समेटिएको थियो ।

## कामना सेवा विकास बैंकद्वारा सर्भिस बुथ हस्तान्तरण

कामना सेवा विकास बैंकले काठमाडौं महानगरपालिका-३ को कार्यालय र जोड इनिसियटिभसँगको सहकार्यमा बाँसवारीस्थित जुत्ता मेन्डरको लागि निर्माण गरिएको एक बुथ प्रदान गरेको छ । उक्त बुथले स्थानीय उद्यमीलाई व्यवसाय गर्न सुविधायुक्त वातावरण वनाउने उद्देश्य रहेको छ । बुथको




काठमाडौं महानगरपालिका-३ का वडा सदस्य कृष्णराज चालिसेले उद्घाटन गरेका छन् ।

बुथ बाँसवारीस्थित जुत्ता मेन्डर नरेश महरालाई हस्तान्तरण गरिएको थियो । बैंकले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत गर्ने यस्ता कार्यले जुत्ता मेन्डरलाई एक व्यवस्थित स्थान प्रदान गरि उनीहरुको जीविकोपार्जन गर्न सहयोग पुग्ने अपेक्षा लिएको बैंकको भनाइ छ ।

# महासंघ प्रतिनिधि र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष श्रेष्ठबीच भेटघाट

काठमाडौं । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले निर्माण व्यवसायीहरूको ठूलो रकम भुक्तानी रोकिँदा अर्थतन्त्र चलायमान नभएको स्विकार गर्नु भएको छ ।



निर्माण व्यवसायीहरूको रकम भुक्तान गर्ने विषयमा सरकार सकारात्मक रहेको समेत उपाध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह नेतृत्वको प्रतिनिधि मण्डलसँगको भेटमा उपाध्यक्ष श्रेष्ठले निर्माण उद्योगमा धेरै समस्या रहेको बताउँदै सबै मिलेर समस्या समाधान गर्नुपर्ने बताउनुभयो ।

जग्गा प्राप्ती, बजेट तथा निर्माण सामग्रीको अभाव, समुदायको अवरोध लगायतका समस्याहरूबाट निर्माण व्यवसायीहरू आक्रान्त रहेको उपाध्यक्ष श्रेष्ठले बताउनुभयो । 'महासंघ जस्तो छाता संगठनले निर्माण व्यवसायीहरू लाई अझ बढी जिम्मेवार बनाउन सक्ने भएकाले महासंघको भूमिका अझ बढी प्रभावकारी हुनुपर्छ' उपाध्यक्ष श्रेष्ठले भन्नुभयो ।

महासंघ अध्यक्ष रवि सिंहले निर्माण उद्योगको विद्यमान समस्या र समाधानका उपायबारे उपाध्यक्ष श्रेष्ठलाई अवगत गराउँदै सरकारी कार्यशैलीकै कारण निर्माण उद्योग व्यवसायीक हुन नसकेको बताउनुभयो । बजेटको व्यवस्था नगरी टेण्डर आह्वान गर्ने परिपाटी गलत रहेको भन्दै अध्यक्ष सिंहले निर्माण व्यवसायीले आफ्ने मुलुकको स्रोत साधन उपभोग गर्न नपाउने परिपाटी अन्त्य हुनुपर्ने बताउनुभयो ।

सार्वजनिक खरिद ऐन अनुसार व्यवसायीले बीस प्रतिशत मोबिलाइजेशन पेश्की पाउनुपर्ने माग राख्दै उहाँले मूल्यवृद्धिको मारमा परेका व्यवसायी हरूले राहत नपाएको जानकारी दिनुभयो । राष्ट्रिय योजना आयोग जस्तो संस्थाले कसैको दबामा नपरी निर्भिक भएर काम गर्नुपर्ने सुझाव अध्यक्ष सिंहले दिनुभयो । निर्माण उद्योगको विकासका लागि आगामी बजेटमा समेटिनु पर्ने विषय बारे पनि महासंघले माननीय उपाध्यक्षज्यूको ध्यानाकर्षण गराएको छ । महासंघ प्रतिनिधिमण्डलमा महासचिव रोशन दाहाल, कार्यालय प्रमुख प्रेम सिंह ऐर लगायत रहनु भएको थियो ।


## गोकुलगङ्गा गाउँपालिका

रस्नालु, रामेछाप, बागमती प्रदेश

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**काजी बहादुर खड्का**
अध्यक्ष

**उषा देवी कार्की**
उपाध्यक्ष

**होम बहादुर थापा**
प्रमुख प्रशासकीय अधिकृत


# खेलकुद

## ए डिभिजन लिग फुटबलमा मच्छिन्द्र र एनआरटी विजयी

काठमाण्डौ । शहीद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगितामा मच्छिन्द्र क्लबले सङ्टा क्लबलाई हराएको छ । दशरथ रङ्गशालामा भएको खेलमा मच्छिन्द्रले सङ्टालाई २-१ गोलले हराएको हो । मच्छिन्द्रका विमल घर्तिमगर र हाफिज ओलावालेले गोल गरे । सङ्टाका मनिष डाँगीले एक गोल फर्काए । जितसँगै मच्छिन्द्र ७ खेलमा ९ अङ्कसहित सातौं स्थानमा पुगेको छ भने ९ अङ्क नै रहेको सङ्टा आठौँ स्थानमा छ । एन्फा कम्प्लेक्स सातदोबाटोको मैदानमा भएको खेलमा न्युरोड टिम (एनआरटी) ले हिमालयन शेर्पालाई २-१ गोलले हरायो । एनआरटीका लागि रोहन खड्की र जेनिश प्रजापतिले गोल गरे । हिमालयन शेर्पाका खमिल गिल्सनले १४ मिनेटमा गोल गरेर टिमलाई अग्रता दिलाए पनि जिताउन भने सकेनन् । एनआरटीको ६ अङ्क र हिमालयन शेर्पाको ७ अङ्क छ ।

## आईपीएल क्रिकेटमा हैदराबादले पञ्जाबलाई आठ विकेटले हरायो

काठमाण्डौ । इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा सनराइजर्स हैदरा बादले पञ्जाब किङ्ग्सलाई पराजित गरेको छ । गएराति भएको खेलमा हैदराबादले पञ्जाब किङ्ग्सलाई आठ विकेटले पराजित गरेको हो । पञ्जाबले दिएको एक सय ४४ रनको लक्ष्य हैदराबादले १७ बल बाँकी छँदै दुई विकेट गुमाएर भेट्टायो । यसअघि टस जितेर बलिङ रोजेको घरेलु टोली हैदराबादले निर्धारित ओभरमा नौ विकेटको क्षतिमा एक सय ४३ रन बनाएको थियो ।

आईपीएल क्रिकेट अन्तर्गत हिजो भएको खेलमा कोलकाता नाइट राइडर्सले गुजरात टाइटन्सलाई हराएको थियो । निकै रोमाञ्चक खेलमा कोलकाताले गुजरातलाई ३ विकेटले हराएको हो । अन्तिम ओभरमा जितको लागि २९ रन चाहिएकोमा कोलकाताका रिङ्कु सिंहले लगातार पाँच वटा छक्का हान्दै टिमलाई जिताए । गुजरातले दिएको २ सय ५ रनको लक्ष्य कोलकाताले अन्तिम बलमा ७ विकेट गुमाएर भेट्टायो ।

## अन्तिम ओभरमा लगातार ५ छक्का प्रहार गर्दै रिंकू सिंहले कोलकातालाई जिताए

काठमाण्डौ । इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा कोलकाता नाइट राइडर्सले गुजरात टाइटान्समाथि ३ विकेटको रोमाञ्चक जित निकालेको छ । गुजरातले दिएको २ सय ५ रनको लक्ष्य कोलकाताले अन्तिम बलमा ७ विकेट गुमाएर भेटायो । कोलकाताका लागि वेङ्कटेश अयरले ८३ र रिंकू सिंहले नटआउट ४८ रन बनाए ।

अन्तिम ओभरमा जितका लागि २९ रन चाहिएकोमा रिंकू सिंहले लगातार ५ छक्का प्रहार गर्दै टोलीलाई जिताए । गुजरातका राशिद खानले ह्याट्रिकसहित ३ विकेट लिए । यसअघि अहमदाबादमा टस जितेर ब्याटिङ गरेको गुजरातले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर २ सय ४ रन बनाए । गुजरातका लागि विजय शङ्करले नटआउट ६३ र साई सुदर्शनले ५३ रन बनाए । कोलकाताका सुनिल नरायनले ३ विकेट लिए । यो जितसँगै कोलकाता ३ खेलमा ४ अङ्कसहित तालिकाको दोस्रो स्थानमा उक्लिएको छ । गुजरात उति नै खेलमा नेट रनरेटको आधारमा चौथो स्थानमा छ ।


### हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८० को अवसरमा देश- विदेशमा रहनु भएका सम्पुर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दीपक कार्की
५ न. वडा अध्यक्षः
गोकुलगंगा गाउँपालिका
रामेछाप, बागमती प्रदेश

### हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८० को अवसरमा देश- विदेशमा रहनु भएका सम्पुर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

चन्द्र बहादुर सुनुवार
६ न. वडा अध्यक्ष, फर्पु
गोकुलगंगा गाउँपालिका
रामेछाप, बागमती प्रदेश

### हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८० को अवसरमा देश- विदेशमा रहनु भएका सम्पुर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मनिराज कार्की
अध्यक्ष, शारादा मा.वि ठोसे
गोकुलगंगा गाउँपालिका वडा नं. २
रामेछाप, बागमती प्रदेश

### हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८० को अवसरमा देश- विदेशमा रहनु भएका सम्पुर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

छत्र बहादुर बस्नेत
१ न वडा अध्यक्ष, चुचुरे
गोकुलगंगा गाउँपालिका
रामेछाप, बागमती प्रदेश

### हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८० को अवसरमा देश- विदेशमा रहनु भएका सम्पुर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुन्दर कुमार कार्की
२ न. वडा अध्यक्ष, ठोसे
गोकुलगंगा गाउँपालिका
रामेछाप, बागमती प्रदेश

### हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८० को अवसरमा देश- विदेशमा रहनु भएका सम्पुर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नरविक्रम कार्की
३ नं वडा अध्यक्ष, रस्नालु
गोकुलगंगा गाउँपालिका
रामेछाप, बागमती प्रदेश

## नेपाल.....

गणेश प्रसाद लाठ, अमरेश चन्द्र बैदार, प्रयास कार्की, मन्जु कुमार श्रेष्ठ, गोकुल श्रेष्ठ, निरक के.सि., दिपक नेपाल, बोदराज दवाडी, किशोर कुमार आचार्य, पिताम्बर जोशी, छत्रधर आत्रेय,

मदन लाल जोशी, अशोक लाल अमात्य, कृष्ण कटवाल, राजेन्द्र शाह, नविन रिजाल, धर्मराज बसेल, चन्द्रबहादुर भट्टराई, मनोज बहादुर न्याछ्यो, बिक्रान्त कुमार श्रेष्ठ, उज्वल प्रसाद कसजु रहेका छन् । निर्वाचित हुने संख्या १८ रहेको छ । उम्मेद्वारी ३२ जनाको परेको छ ।

कार्य समिति सदस्य तर्फका उम्मेद्वारहरु

राजेश कुमार अग्रवाल, उज्वल कुमार श्रेष्ठ, सुनिल नारायण श्रेष्ठ, निराजन बहादुर चलाउने, ऋषि अग्रवाल (चैनवाल), हेमन्त गोल्छा, आनन्द कुमार अग्रवाल(वगडिया), अम्बिका प्रसाद पौडेल, शक्ति कुमार बेगानी, शैलेन्द्र गुरागाई, अविनाश बोहोरा, राज्यलक्ष्मी महर्जन शाक्य, जुना माथेमा, मुकुन्द प्रसाद तिमल्सिना, भरत रानाभाट, संदिप कुमार अग्रवाल, रतन लाल केडिया, मनोज पौडेल, देशबन्धु बस्नेत, रामशरण भण्डारी, चिराग गोयल, शुसिल थापा, कृष्ण लाल महर्जन, डा. रामशरण थपलिया, प्रवलजंग पाण्डे, हरि प्रसाद पाठक, बाबु काजी कार्की, गोपाल खनाल, बिजय सिंह बैद्य, चन्द्र प्रसाद ढकाल रहेका छन् । निर्वाचित हुने संख्या १९ रहेको छ । भने ३० जनाको उम्मेद्वारी परेको छ । दुई राष्ट्रिय उद्योग बाणिज्य तर्फका कार्य समिति सदस्यमा सुनिल के.सी निर्विरोध भईसकेका छन् ।

## संघ.....

धारणा राखेका थिए । एलपी ग्यास उद्योग संघले २४ गते शुभकामना तथा परिचयत्मक कार्यक्रम बोल्दै उक्त कुरा बताएका थिए ।

एलपी ग्यास उद्योग संघले अगाडी नै बस्तुगत तर्फको केन्द्रीय सदस्यमा शिव प्रसाद घिमिरेलई नेपाल उद्योग बाणिज्य महासंघको ५७ औ साधरणसभामा र निर्वाचनमा उम्मेद्वार बनाउने निर्णय गरेको थियो ।

## व्यवसाय.....

र निर्वाचनका सार्वजनिका कार्यक्रमहरुमा व्यवासयी घेटघाटमा उक्त कुरा राख्ने गरका छन् । यस्त समस्या आउन नदिन म निर्वाचित भएर आएपछि व्यवसायी र सरकारसँग गर्नुपर्ने सहकार्य कार्यसमितिमा मेरो अनुभवलाई राखेर व्यवासायीलाई पर्न जाने समस्या त्सस समस्या के को कारणहरुले आए भन्ने बिषयमा उठान गरी भरपर्दो काम गर्ने मेरो योजना योजना छ । उनले भने ।

उनले थपेका छन् । टानमा मैले दुई वर्षभन्दा बढी नेतृत्व गरेँ । मैले आफ्नो व्यवसायलाई छोडेरै टानलाई समय दिएको थिएँ । महासंघमा पनि पुरा समय दिएर काम गर्ने छु ।

पर्यटन क्षेत्रका सम्पूर्ण व्यवसायीहरूको साथ समर्थन रहेको र व्यावसायिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा आफूले पुऱ्याउँदै आएको योगदानलाई मूल्याङ्कन गर्दै आफूलाई महासंघको सदस्यमा व्यवसायी साथीहरुले निर्वाचित गराउने विश्वास लागेको पनि बताएका छन् ।

# पुलले जोड्यो पालिकाको केन्द्र

लेखनाथ । मादी ४ तारकाङस्थित केउरानीका ६५ वर्षीय वृहस्पति सापकोटाले कल्पना पनि भएकै थिएन कि गाईगोठ जाने इदी खोलामाथि पक्की पुल बन्ला भनेर । खोलाको वारिपट्टी केउरानीबाट झरेको ठूलो पहिरो र पारि पनि त्यस्तै अप्ठेरो ठाँउ यहाँ पुल बन्छ भन्ने लागेकै थिएन तर पुल बनेरै छोड्यो । पुल बनेपछि यतिबेला पुलबाट ओहोर(दोहोर गर्ने वटुवाको पनि चहलपहल बढे पनि सवारी साधन भने निकै कम गुड्ने गरेका छन् । गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको पूर्वाधार विकास कार्यक्रमअन्तर्गत केही महिना अघि मात्र रु चार करोड २३ लाखको लागतमा निर्माण भएको उक्त पुलबाट मादी गाउँपालिका वडा नं ४ ताराकाङ र वडा नं ११ सैमराङको तोगी, बराल डाँडा, एक्लेखेत कम्दा, याङ्जाकोट लगायत स्थानका बासिन्दालाई सुबिधा भएको छ ।

वर्षाद्को समयमा उर्लेर आउने ढाँडो खोलाको इदीमा ठूला ढुङ्गामा सालका काठ बाँझेर वारपार गर्ने गरेका थियौं, पछि झोलुङ्गे पुल बनाइयो अहिले मोटर हिड्ने पुल बन्यो, विकासको क्रम विस्तारै गाउँतर्फ सर्दै गएको अनुभूति भएको तारकाङ निवासी ७२ वर्षीय होमनाथ पोखरेलले बताउनुभयो । बरालडाँडा निवासी विष्णु गुरुङले पुल निर्माणले बरालडाँडा मात्र हैन, मकैखोला र मिजुरेका बासिन्दाले समेत सुविधा पाएको बताउनुभयो । पहिलो सडक नहुँदा पोखरा जान कास्कीको सैमराङ, भाचोक, मिजुरेडाँडा, थुम्सीकोटका साथै लमजुङ जिल्लाको पसगाउँ, सिड्दी, गिलुङ, भुजुङलगायत स्थानका मानिसले इदी खोलाको झोलुङ्गे पुल प्रयोग गर्ने गरेको उहाँले सुनाउनुभयो । तीस मिटर लम्बाई र ११ मिटर चौडाई भएको उक्त पक्की पुल शनिबार गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले उद्घाटन गर्नुभएको थियो । मादी ४ का वडाध्यक्ष शिव सापकोटाले वर्षादको समयमा खेत रोप्न गोरु पारी तार्दा गोरु नै बाच्ने हो, की मर्ने हो भनेर आश मार्ने गर्थ्यौं त्यो समस्या यसवर्षदेखि समाधान भएको बताउनुभयो । जीर्ण झलुङगे पुलबाट मानिस खस्ने हुन् कि भन्ने चिन्ता पनि अब हट्यो उहाँले भन्नुभयो । मध्यपहाडी लोकमार्गअन्तर्गतको सडकमा पर्ने उक्त पुलबाट भविष्यमा थप लाभ लिन सकिने जानकारी तारकाङ निवासी इन्द्र सापकोटाले बताउनुभयो । यहाँका कृषि उत्पादन बिक्रीका लागि पोखरा बजारमा सहजै लैजान उक्त पुल र सडकले सहयोग पऱ्याएको उहाँले बताउनुभयो । मादी गाउँपालिकाका अध्यक्ष देवीजङ्ग गुरुङले कास्कीका गाउँपालिकामध्ये विकासमा पछि परेको मादीको गाउँपालिकाको कार्यलय जोड्ने सडक विस्तार गर्न जरुरी भएको बताउनुभयो । "गाउँपालिकाको सेवा लिन पाँच घण्टा सम्म हिडेर आउनु पर्ने अवस्था पनि छ," उहाँले भन्नुभयो, "सडक सञ्जालबाट मादीको केन्द्रसम्म जोडन सक्यौँ भने यहाँका जनताले गाउँपालिकाबाट सेवा सहजै लिन सक्छन् ।"मादी गाउँपालिकाका अधिकांश वडामा घरबास र होटलहरु समेत भएकाले आन्तरिक तथा वाह्य पर्यटकलाई घरबाससम्म पुग्न सडक सहज बनाउने प्रयासमा छौँ", अध्यक्ष गुरुङले भन्नु भयो, "मादी नदीका विभिन्न स्थानमा समेत पुल निर्माण भएका छन् तर ती प्रर्याप्त छैनन् ।" कास्कीकै पर्यटकीय क्षेत्र सिक्लेस, ताङतिङ, याङ्जाकोट, सैमराङ, भाचोक, मिजुरेडाँडा, रबैडाँडालगायत क्षेत्र मादीमै पर्ने भएकाले संघ र प्रदेश सरकारले पनि यस क्षेत्रको विकासमा सघाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

## किसानका लागि सामाजिक उद्यमशीलता अभियान

धनकुटा । किसानले उत्पादन गरेको कृषि उपज तथा तरकारी बजार सुनिश्चित गर्न धनकुटामा सामाजिक उद्यमशिलता अभियान सुरु गरिएको छ । लङ्खाली कृषि परामर्श तथा तालिम केन्द्रले हिलेस्थित व्यापारिक केन्द्रमा किसान र कृषिमा आधारित उद्यमी(ब्यपारी)बीच सहकार्यका लागि प्रारम्भिक छलफल गराएको छ । यो अभियानले जिल्लामा उत्पादित कृषि उपजका मूल्यलाई बिचौलिया र भारतीय बजारको कब्जाबाट विस्तारै मुक्त गराउन केन्द्रित रहेको अभियान्ताहरुले बताएका छन् । कार्यक्रममा भोजपुर र धनकुटाका किसान प्रतिनिधि तथा मोरङका उद्यमी व्यपारीबीच किसानले उत्पादन गरेका वस्तु उचित मूल्यसहित बजारमा कसरी खपत गर्न सकिन्छ भन्नेबारे छलफल भएको थियो । जिल्लामा व्यावसायिक रूपमा उत्पादित तरकारी नेपालमा मात्र खपत हुन नसकी भारत लैजाने गरिएको र साना किसानले उत्पादन गरेको तरकारी विचौलीया मार्फत बजार जाने र भारतीय बजारले तरकारी निर्यात तथा खपतमा मनोमानी गरेकाले जिल्लाका व्यावसायिक किसान मर्कामा परिरहेका छन् । यसैगरी साना किसानले बजार मूल्यभन्दा अधिक न्यून मूल्यमा बिचौलीयालाई आफ्नो तरकारी बेच्नु परेको अवस्था छ । यस्ता समस्या तत्काल समधान गर्न नसकिने भएकाले किसान र कृषि उद्यमीको सहकार्यबाट क्रमशः समधान गर्दै जान अभियान सुरुवात गरिएको आयोजक संस्थाका सञ्चालक तथा कृषि अभियान्ता जीवनकुमार राईले जानकारी दिनुभयो ।


हार्दिक मंगलमय शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रज्वलजंग पाण्डे
अध्यक्ष
नेपाल औषधी उत्पादक संघ



हार्दिक मंगलमय शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

NMA
नेपाल पर्वतारोहण संघ
नेपाल पर्वतारोहण संघ परिवार



हार्दिक मंगलमय शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुनिल अमात्य
अध्यक्ष
नेपाल ग्रील तथा स्टिल व्यवसायी संघ
काठमाडौं


## अन्तराष्ट्रिय समाचार

# चीनको सेनाले ताइवानलाई घेरा हाल्ने अभ्यास थाल्यो

काठमाण्डौ । चीनको सेनाले तीन दिने सैन्य अभ्यासको क्रममा ताइवानलाई घेरा हाल्ने अभ्यास सुरु गरेको छ । ताइवानका राष्ट्रपति इङ वेनको अमेरिका भ्रमण र उच्चस्तरीय भेटवार्ताको विरोध स्वरुप चीनले ताइवान टापु घेरा हाल्ने सैन्य अभ्यास गरेको बीबीसीले जनाएको छ । चीनले ताइवानका राष्ट्रपतिको अमेरिका भ्रमणको परिणाम राम्रो नहुने चेतावनी पनि दिएको छ । ताइवानको रक्षा मन्त्रालयले ४२ वटा चिनियाँ सैन्य विमान र आठ वटा



लडाकु पानी जहाजले चीन र ताइवान छुट्याउने मध्य रेखा पार गरेको जनाएको छ । चीनले ताइवानलाई आफ्नै प्रान्त मान्दै आएको छ भने ताइवानले आफूलाई एक स्वतन्त्र देश दाबी गर्दै आएको छ । चिनियाँ सरकारी सञ्चारमाध्यमले अहिले चलिरहेको सैन्य अभ्यासले ताइवान टापुलाई चीनले जुनसुकै बेला कब्जा गर्न सक्ने सामर्थ्य देखाउन खोजेको बताएका छन् । चिनियाँ सेनाले ताइवान वरपर लामो दूरीका रकेट, मिसाइल, लडाकु विमान, बमवर्षक लगायतका अत्याधुनिक हतियार तैनाथ गरेको छ । केहि समय अघि भएको चिनियाँ जनकंग्रेसको बैठकमा राष्ट्रपति सि जिनपिङले ताइवानलाई चीनकै प्रान्तको रुपमा राख्न जुनसुकै बेला बल प्रयोग गर्न सक्ने बताउनुभएको छ । ताइवान मुद्दालाई लिएर चीन र अमेरिकाबीच सम्बन्ध बिग्रँदै गएको छ । अमेरिकाले ताइवानलाई हतियार बिक्री गर्ने र ताइवान वरपर अत्याधुनिक हतियारसहितका सेना परिचालनको काम गरिरहेको छ । यसलाई चीनले अधिनायकवादी काम भएको आरोप लगाएको छ ।

# नाइजेरियाको बेनुए राज्यमा बन्दुकधारी समूहको आक्रमणमा परि ४६ जनाको ज्यान गयो

नाइजेरियाको उत्तरी मध्य भागमा रहेको एक गाउँमा बन्दुकधारी समूहको आक्रमणमा परि ४६ जनाको ज्यान गएको छ ।


बेनुए राज्यको उमोगिडी समुदायका नागरिकमाथि घुमन्ते गोठालाहरूले



आक्रमण गरेका एएफपीले जनाएको छ । आक्रमणमा परि थुप्रै नागरिक हराइरहेका र ज्यान गुमाउनेको सङ्ख्या बढ्न सक्ने बेनुए राज्यका प्रशासकका सुरक्षा सल्लाहकार पल हेम्बाले बताउनु भएको एएफपीमा उल्लेख छ । उहाँले गोठालाहरूले झन्डै एक महिनादेखि स्थानीय समुदायमाथि आक्रमण गरिरहेका पनि बताउनु भएको छ । आक्रमणको कारण भने खुलेको छैन । गोठालाहरुले गाईबस्तु चराएर आफ्नो खेतीयोग्य जमिन नष्ट गरेको आरोप किसानहरूले लगाएका छन् ।

# भारतमा एकै दिन ६ हजार जनाभन्दा धेरैमा कोरोना सङ्क्रमण पुष्टि

भारतमा एकै दिन छ हजार जनाभन्दा धेरैमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो केही दिनदेखि भारतमा कोरोना सङ्क्रमण बढिरहेकोमा पछिल्लो २४ घण्टामा छ हजार ५० जनामा सङ्क्रमण पुष्टि भएको भारतका स्वास्थ्य अधिकारीहरूलाई उद्धृत गर्दै बीबीसी हिन्दीले




जनाएको छ । भारतमा एकै दिन सङ्क्रमण पुष्टि भएको यो सङ्ख्या पछिल्लो दुई सय तीन दिनयताकै उच्च रहेको पनि बीबीसीको खबरमा उल्लेख छ । पछिल्लो २४ घण्टामा थपिएको सङ्ख्यासँगै भारतमा सक्रिय सङ्क्रमितको सङ्ख्या २८ हजार तीन सय तीन जना पुगेको छ । यस्तै भारतमा पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणका कारण १४ जनाको ज्यान गएको छ । पछिल्लो समय भारतमा कोभिड-१९ को नयाँ भेरिएन्ट ओमिक्रोन एक्सबीबी १.१६ फैलिरहेको छ । भारतमा गएको जनवरीमा पहिलो पटक यो भेरिएन्ट देखिएको हो ।

# तुप्चे काठमाडौं एकता समाजले जोड्यो समाजसँग साहित्य

काठमाडौं । टोखा नगरपालिकामा अवस्थित साहित्यिक गरोको रूपमा चिरपरिचित खाल्डे गरोमा (व्यामिन्टन कोर्ट) तुप्चे काठमाडौं एकता समाजको आयोजना र विश्व नेपाली साहित्य महासङ्घ (नेपाल शाखाको) सह आयोजनामा समाजसँग साहित्यलाई जोड्ने कार्यको सुभारम्भ हुन पुगेको थियो ।

एकता समाजका अध्यक्ष दिपेन्द्रराम भण्डारीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथि आदरणीय व्यक्तित्व तीर्थराज अधिकारी हुनुहुन्थ्यो भने विशिष्ट अतिथिहरूमा शिवकुमारी के.सी र डिल्लीनाथ भण्डारी लगायत हुनुहुन्थ्यो । यसैगरी अतिथिहरूमा संस्थाका सल्लाहकारहरू र साहित्यकारहरू रहनुभएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य तुप्चे एकता समाजका सदस्य सुमन अधिकारीले गर्नुभएको थियो । प्रमुख अतिथिले पानसमा बत्ती बालेर समुद्घाटन गरिरहँदा पण्डित नारायणाचार्य कौशिक र राजेन्द्र भण्डारीले स्वस्ती वाचन गरिरहँदा सदाबहार कवि तोयानाथ सुवेदीले शङ्ख बजाउदा उक्त कार्यक्रम स्थल यज्ञभूमि जस्तै गुञ्जायमान भएको थियो ।

उक्त समारोहमा विनेसाम केन्द्रका साहित्य तथा सञ्चार प्रमुख दामोदर ढकाल दीपक, तुप्चे काठमाडौं एकता समाजका सल्लाहकार उज्वल जङ्ग ठकुरी,वेदविज्ञ तिलकप्रसाद लुइँटेल , संस्थाका सल्लाहकार सोमप्रसाद भण्डारी , काठमाडौं उपत्यका अपराध अनुसन्धान प्रमुख एस.एस.पी. डा. मनोज के.सी. संस्थाका सल्लाहकार उत्तम अधिकारी , तानसेन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख पुष्कर अथक रेग्मी, विनेसाम केन्द्रका कोषाध्यक्ष के.बी. पौडेल लगायतले शुभकामना मन्तव्य दिनुभएको थियो भने कविहरू प्रा.डा. गार्गी शर्मा, मुरलीप्रसाद ढकाल, दुर्गा अधिकारी भमरकोटे, सुशीला ढकाल अधिकारी , तोयानाथ सुवेदी, नारायणाचार्य कौशिक, वासुदेव गुरागाई, सत्यनारायण ढकाल, कल्पना अधिकारी भट्टराई ,द्वारिका कुईकेल, चन्द्रा न्यौपाने, कृष्णप्रसाद पौडेल, धरणीधर गुरागाई, निराजन अधिकारी आदिले कविता वाचन गर्नु भएको थियो ।



तीन घन्टासम्म चलेको उक्त कार्यक्रम समाजसँग साहित्यलाई जोड्नु नै विवेकशील र उन्नत समाजको विकास हुनु हो भन्ने निस्कर्ष निस्किएको थियो ।

कार्यक्रमको परिकल्पना र संचालन तुप्चे काठमाडौं एकता समाज र विनेसाम नेपाल शाखाका सचिव कृष्णबहादुर केसी सापकोटाले गरेका थिए । कार्यक्रम को सम्पूर्ण भिडियो सुखशान्ति मिडियामा गएर हेर्न सक्नुहुनेछ ।

# त्यागी स्मृति सम्मान प्रतिभा चयन

जयराम विडारी ।

काठमाण्डौ । बीडी त्यागी स्मृति केन्द्रले बीडी त्यागी स्मृति सम्मान २०८० को लागि पाँच प्रतिभा चयन गरेको छ । केन्द्रका अध्यक्ष कृष्ण आचार्यको अध्यक्षतामा आज बिहान बसेको कार्य समिति बैठकले बीडी त्यागी स्मृति सम्मान साहित्यकार राधेश्याम लेकालीलाई , एक सय एक रुपैयाँको सिक्काको थैली रहेको बीडी त्यागी स्मृति पुरस्कार साहित्यकार रामचन्द्र दाहाललाई , बीडी त्यागी योगदान सम्मान प्रकाशक तथा साहित्यकार रामदेव पाण्डे र बीडी त्यागी



प्रतिभा सम्मान साहित्यकार सरु पोखरेललाई अर्पण गर्ने निर्णय गरेको छ ।

यसरी नै केन्द्रले हरेक वर्ष साहित्यिक गतिविधि र उत्थानका लागि अनुकरणीय कार्य गर्ने गैर साहित्यिक व्यक्तित्वलाई दिइने नेपथ्य सम्मान यस पटक बुढानिलकण्ठ नगरपालिका १२ नम्बर वडाका वडा अध्यक्ष शम्भु भट्टराईलाई अर्पण गर्ने भएको छ ।

उपन्यासकार शङ्कर भारती संयोजक र साहित्यकार गङ्गा पौडेल र सस्थाका महासचिव साहित्यिक पत्रकार निबन्ध आचार्य सदस्य रहेको तीन सदस्यीय प्रतिभा चयन समितिको सिफारिसको आधारमा प्रतिभा चयन गरिएको केन्द्रले जनाएको छ ।आगामी बैशाख १८ गते साहित्यकार बीडी त्यागीको बिसौं स्मृति दिवसको अवसरमा एक कार्यक्रम बीच सम्मान अर्पण गरिने अध्यक्ष कृष्ण आचार्यले बताउनु भयो ।

१०८ स्वामी गोपालानन्द गिरी परिचयात्मक काव्य,बन्द झ्यालको शिशा भित्र कथा सङ्ग्रह ,उत्पात हास्यव्यङ्ग्य उपन्यास ,बैराग्य नाटक, सुभेच्छा कवितात्मक एल्बम,अठार अध्याय गीता महात्म्य,धोती न टोपी लोककथा सङ्ग्रह ,समृद्धि सपना राजनैतिक उपन्यास ,चार थुम्का उपन्यास सङ्ग्रह कृतिहरु प्रकाशित भएका साहित्यकार बीडी त्यागीको २०६० साल बैशाख १९ गते ६४ वर्षको उमेरमा निधन भएको थियो । वहाँको निधन भएपछि वहाँको सम्झनामा स्थापना गरेको बीडी त्यगी स्मृति केन्द्रले हरेक वर्ष स्मृति दिवसमा सम्मान अर्पण गर्दै आएको छ । हाल सम्म सय जना भन्दा बढीले त्यागी स्मृति सम्मान प्राप्त गरिसक्नु भएको छ भने वहाँको हीरक जन्मजयन्तीको अवसरम एकै पटक पचहत्तर जना स्रष्टाहरुलाई त्यागी हीरक जयन्ती सम्मान अर्पण गरिएको थियो ।

हार्दिक शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



राजकुमार कार्की
अध्यक्ष
नेपाल कुचो संघ परिवार

हार्दिक मंगलमय शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रवि सिह
अध्यक्ष
नेपाल निर्माण व्यवसायी महासंघ

रामेछाप नगरपालिका

हाटेचौर, रामेछाप, बागमती प्रदेश

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

लवश्री न्यौपाने
अध्यक्ष


बाल कुमारी कार्की थापा
उपाध्यक्ष

निरज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

हार्दिक मंगलमय शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नानीराज घिमिरे
अध्यक्ष
फुटवेयर म्यानुफ्याचर्स एशोसिएसन अफ नेपाल परिवार







# हार्दिक मंगलमय शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**अशोक श्रेष्ठ**
अध्यक्ष

## हिमालय सिमापार बाणिज्य संघ

# हार्दिक मंगलमय शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गोंगबु भैरव बहुउद्धेश्यीय सहकारी संस्था लि.**
टोखा ९, शान्ति समाज टोल, गोंगबु काठमाडौं

**सुनौलो तक्मा बचत तथा ऋण सहकारी संस्था लि.**
बालाजु १६, काठमाडौं

# हार्दिक मंगलमय शुभकामना

नया वर्ष २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**दिव्य ध्वज कार्की**
अध्यक्ष

## सुतार कार्की सेवा समिति (परिवार)

# आगलागीबाट सावधानी अपनाऔं

निम्न कारणबाट आगलागी हुनसक्छ,

- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
## विज्ञापन बोर्ड


**जनआकाश मिडिया प्रा.लि.का लागि:** प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : ईन्दिरा धमला, .कम्प्युटर: जनआकाश डेस्कटप
**प्रधान कार्यालय**, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, **मुद्रण**: सुप्रिम प्रिन्टिङ्ग प्रेस